# पञ्चेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/०८२ मिति:-२०८१/०६/०२
चलानी नं.- ने.सं.:११४४ गुलाथ्व ,१५ बुधबार

## विद्यालयको लेखापरीक्षणका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) को ज मा विद्यालयको समग्र व्यवस्थापन, आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन सम्बन्धी कार्य समेत स्थानीय तहको रहेको सन्दर्भमा यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुको आ.व.२०८०।०८१ को अन्तिम लेखापरीक्षण गराउने प्रयोजनका लागि लेखापरीक्षकको विवरण तयार पार्न प्रचलित कानुनबमोजिमको मापदण्ड पुरा गरेका लेखापरीक्षकहरुका लागि निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै विद्यालयको लेखापरीक्षण गर्न इच्छुक लेखापरीक्षकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपसिल बमोजिमका कागजातसहित यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन अनुरोध छ।

तपसिल :

१. फर्म वा व्यक्तिको सम्पर्क नं. र हालको ठेगाना समेत स्पष्ट उल्लेख गरिएको निवेदन,
२. नविकरण सहितको फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,
३. नविकरण सहितको नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थांको सदस्यता प्रमाणपत्र प्रतिलिपि,
४. स्थायी लेखा नं.(PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि,
५. आ.व.२०८०।०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
६. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
७. लेखापरीक्षक बहालवाला कर्मचारी भए विभागीय स्वीकृतिको प्रतिलिपि,

पुनश्च :

लेखापरीक्षण गर्न लेखापरीक्षक स्वयं विद्यालयमा उपस्थित नहुने, निर्धारित समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेश नगर्ने लेखापरीक्षकलाई लेखापरीक्षण कार्यमा समावेश गराउन नसकिने व्यहोरा समेत अनुरोध छ।

..............

(कृष्ण बहादुर बोहरा)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री सूचना तथा प्रविधि शाखा वेवसाइटमा अपलोड गरिदिनु हुन।



CamScanner